नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत : ०९१-५६०११८
प्रशासकीय अधिकृत : ०९१-५६०८१६

टीकापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८० (प्र.शा.)
चलानी नं. : ५४३

मिति : २०७८।०८।०८

विषय : - सूचना टाँस सम्बन्धमा ।

श्री ९...९....नं. वडा कार्यालय,
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
टीकापुर, कैलाली ।

उपरोक्त सम्वन्धमा सहकर्मी समाज केन्द्रिय कार्यालय कोहलपुरवाट प्राप्त सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण आधारभूत तालिम आवेदन आह्वान सम्वन्धि सूचना पाना थान २ (दुई) यसै पत्र साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाईदिन हुन समेत अनुरोध छ ।

(मंगल बहादुर साही)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण आधारभूत तालिम लागि आवेदन आह्वान

सहकर्मी समाज र दि एशिया फाउण्डेसनको साझेदारी तथा टीकापुर नगरपालिकाको सहकार्यमा **"स्थानीय सुशासन सुधारका लागि टोल विकास संस्था सशक्तिकरण तथा परिचालन परियोजना"** संचालन भैरहेकोछ। संघीय गणतान्त्रिक शासन व्यवस्थाको मूल मर्मलाई स्थानीय स्तरमा लागु गर्न र विशेषगरी सीमान्तकृत समुदायको जीवनस्तरलाई सुदृढ गर्नकालागि उत्तरदायी स्थानीय सरकार मार्फत नागरिक अधिकार र न्यायोचित स्रोत वितरण, सार्वजनिक स्वास्थ्य सुविधा र आर्थिक अवसरहरूको सार्थक सामुदायिक सहभागिता अभ्यास वृद्धि गर्ने परिकल्पना र ध्येय यस परियोजनाको रहेको छ।

यस परियोजनाले नागरिक अधिकारहरू सुरक्षित गर्न र सरकारी सेवा र स्रोतहरूमा महिला नेतृत्व सहितको समावेशीकरण सुनिश्चित गर्नकालागि टोल विकास संस्था, यसको सञ्जाल र विशेष गरी सीमान्तकृत सदस्यहरूको जागरूकता, क्षमता बृद्धिगर्दै उनीहरूको स्थानीय सरकारसँगको संलग्नता बढाउने, समावेशी वार्षिक योजना, बजेट प्रक्रिया, पारदर्शिता, जवाफदेहिता वृद्धि गर्ने, सेवा प्रवाहलाई सहगोग गर्न नागरिक तथा स्थानीय सरकार बीचको अन्तरक्रियालाई सुदृढ बनाउने र टोल विकास संस्था भित्रको स्रोत परिचालन संयन्त्रलाई सवलीकरण गर्ने उद्देश्य लिएकोछ।

यस परियोजनाको उद्देश्य पुरागर्नका लागि युवाहरुको नेतृत्व विकासको लागि **"सशक्तिकरण र सामाजिक रुपान्तरणका लागि सहजीकरण आधारभूत तालिम"** संचालनगरी सामुदायिक स्तरमा टोल विकास संस्था सवलीकरणका लागि परिचालन गर्ने योजना रहेकोले "सहकर्मी समाजको कोहलपुर स्थित तालिम केन्द्रमा" संचालन हुन थालेको १२ दिने आवाशीय तालिमका लागि तपशिल बमोजिमको योग्यता पुगेको ईच्छुक नागरिकहरुवाट आवेदन आह्वान गरिन्छ।

- प्रशिक्षार्थी आवेदककालागि न्यूनतम आवश्यक योग्यतामा १२ कक्षा उत्तिर्ण वा सो सरह उत्तिर्ण भई सामुदायिक परिचालन सम्वन्धि काममा रुची र अनुभव भएको।
- समुदायमा सहजीकरणको कार्यगर्न ईच्छुक, सीप भएको र प्रयाप्त समय दिन सक्ने।
- समुदायलाई योजना बनाएर आफ्नो श्रोतको परिचालनगरी आफ्नो परिवर्तनमा आफै कार्यगर्न प्रेरणा जागृत गर्न सक्ने।
- २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र टीकापुर नगरपालिकामा स्थायी बसोवास भएको।
- १२ दिन पूर्णरुपले आवाशीय तालिममा सकृयतापूर्वक भागलिन तयार भएको *(तालीमा अनिवार्य रुपले तालिम आवासभित्रै बस्नुपर्ने र बाहिरबाट आवतजावत गर्न नपाईने नियम रहेको छ)*।
- प्रशिक्षार्थी आवेदनकालागि महिला, अति विपन्न तथा सीमान्तकृत समुदाय, बाट इच्छुक नागरिकहरुलाई विशेष प्रोत्साहन गरिन्छ।

आवेदनको साथमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो सहितको व्यक्तिगत विवरण तथा निम्नानुसार प्रश्नको हस्तलिखित मौलिक जवाफ संलग्नगरी **२०७९ मंसीर १८ गते ५ वजेभित्र** आईपुग्नेगरी तल दिईएको ठेगनामा पठाउनु पर्नेछ।

१. सामुदायिक सुशासन भनेको केहो ? स्थानीय सरकारका काम कार्यहरुको प्रभावकारिता र सुशासन अवस्था बलियो बनाउन नागरिक तथा स्थानीय नागरिक संस्थाहरुको भूमिका कस्तो हुनुपर्दछ ? एक पेजमा जवाफ दिनु होला।

आवेदन पेशगर्नुपर्ने ठेगाना:
टीकापुर नगरकार्यपालिकाको कार्यालय
प्रशासन शाखा ।

ईमेल मार्फत पठाउन चाहानेले निम्नानुसार ईमेलबाट पठाउन सकिनेछ ।
Email: sahakarmisamaj.org@gmail.com

SAHAKARMI SAMAJ
सहकर्मी समाज

केन्द्रिय कार्यालय कोहलपुर

सर्म्पक व्यक्ति : नवराज जोशी

९८४४८०८४६१